# महालेखापरीक्षकको कार्यालय

# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्या:२०७६/७७

च.नं ११०

मितिः २०७७/३/ २८

श्री अध्यक्ष ज्यू,
सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदनजारी गरिएको छ । उक्तप्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

२०७७।३।२८

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Scanned with CamScanner

## महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदनजारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका,महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजनातर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कनगर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्वन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ ।प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवाप्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता पर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्तहुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको,आन्तरिक आयतर्फ संकलन न्यून रहेको,बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको,खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको,अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको,तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमानगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुननसकेको,श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको,संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदनतयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षागर्दछु ।

२०७७ असाढ २८ गते ।

Scanned with CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णालीप्रदेश तथा सुदुरपश्चिमप्रदेश )

visit nepal 2020 Lifetime Experiences

मिति: २०७७।३।२८

पत्र संख्या: २०७६।७७
च.नं. ११०

विषय: लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला ।

**कैफियत सहितको राय**

हामीले सिमकोट गाउँ पालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको रायव्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससगं सम्बन्धित अन्य बिबरणले स्थानीयतह संग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्तगर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.२ करोड ४ लाख ८१ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने १८ लाख ७२ हजार, अनियमित ६८ लाख ,प्रमाण कागजात पेश गर्नुपर्ने, १ करोड ११ लाख २१ हजार ,पेश्की बाँकी ६ लाख ८८ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६। ५ । ३१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रतिवेदनपाना ३६ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्मत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण संग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीयतहसंग हामी स्वतन्त्र छौं । त्यसकालागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्ति काकारण वित्तीय विवरण सारभूत रुपमागलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेत का कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्यहो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजी जन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजी जन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२८
(चन्द्रकान्त भण्डारी)
नायबमहालेखापरीक्षक



Scanned with CamScanner

# सिमकोट गाउँपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७५।७६

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी गाऊँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाऊँपालिका अर्न्तगत ८ वडा रहेको ४४ सभा सदस्य ८८ वर्ग कि.मी. क्षेत्रफल, करिब ६,०११ हजार जनसंख्या कर्णाली प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः-

**आय तर्फ**

| सि.नं. | विवरण | रकम | रकम |
|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | २५८१५१७.०० |
| | बैंक मौजदात | २५८१५१७.०० | ०.०० |
| २ | राजश्व( आन्तरकि आय) | ५८३७१३४.०० | ५८३७१३४.०० |
| | गत वर्षको वेरुजु फिर्ता | ६४०१४३.०० | ६४०१४३.०० |
| | विविध आम्दानी | ४५१८६००.३५ | ४५१८६००.३५ |
| ३ | वित्तीय हस्तान्त्रण | | २४७९२७०००.०० |
| | क वित्तिय सामानीकरण अनुदान | ८५५०००००.०० | ०.०० |
| | ख शसर्त अनुदान | १६२४२७०००.०० | ०.०० |
| ४ | जेष्ठनागरिक सा.सु | ४१३१८०००.०० | ४१३१८०००.०० |
| ४ | राजश्व वाडफाड वाट प्राप्त अनुदान | ४५७१३०९३.९५ | ४५७१३०९३.९५ |
| ५ | विषयगत निकायवाट प्राप्त अनुदान | | ८८१३५९९२.०० |
| ६ | खार्पुनाथवाट फिर्ता | १५७५२६६७.०० | ०.०० |
| | युनिसेफ वाट प्राप्त | ५४४३९२९.०० | ०.०० |
| | गरिब संगविशेश्वर कार्यक्रम | ३६९०००.०० | ०.०० |
| | बहुक्षत्रिय पोषण कार्यक्रम | १३०४९८१.०० | ०.०० |
| | पदेश वित्तिय सामानीकरण | ४७१६०००.०० | ०.०० |
| | स्थानिय पुर्वाधार विकास कार्यक्रम | १४३५५०००.०० | ०.०० |
| | स्थानिय तह क्षमता विकास | ३०५०००.०० | ०.०० |
| | झुलुन्गेपुल | ३९८२७८.०० | ०.०० |
| | विशेष अनुदान | ३१२५००००.०० | ०.०० |
| | समपुरक अनुदान | १०००००००.०० | ०.०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४२४११३७.०० | ०.०० |
| | | ०.०० | ०.०० |
| | जम्मा | ४३६६७४८०.३० | ४३६६७४८०.३० |

**व्यय तर्फ**

| सि.नं. | विवरण | रकम | रकम |
|---|---|---|---|
| १ | वित्तिय सामानीकरण अनुदान खर्च | १६८४४३५५३.६८ | १६८४४३५५३.६८ |
| २ | शसर्त अनुदान | १६२४२७०००.०० | १६२४२७०००.०० |
| ३ | जेष्ठनागरिक सा.सु | ३२०८००००.०० | ३२०८००००.०० |
| ४ | राजश्व वाडफाड वाट प्राप्त खर्च | | ०.०० |
| | | | ०.०० |
| ५ | आन्तरीक आयवाट खर्च | | ०.०० |
| ६ | अन्य वाट प्राप्त खर्च | | ०.०० |
| ७ | विषयगत निकायवाट प्राप्त अनुदान खर्च | | ०.०० |
| | गरिब संगविशेश्वर कार्यक्रम | ३६९०००.०० | ३६९०००.०० |
| | बहुक्षत्रिय पोषण कार्यक्रम | १३०४९८१.०० | १३०४९८१.०० |
| | युनिसेफ | ०.०० | ०.०० |
| | | | ०.०० |
| | | | ०.०० |
| | स्थानिय पुर्वाधार विकास कार्यक्रम | १४३५५०००.०० | १४३५५०००.०० |
| | स्थानिय तह क्षमता विकास | ३०५०००.०० | ३०५०००.०० |
| | झुलुन्गेपुल | ३९८२७८.०० | ३९८२७८.०० |
| | विशेष अनुदान | ३१२५००००.०० | ३१२५००००.०० |
| | समपुरक अनुदान | १०००००००.०० | १०००००००.०० |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४२४११३७.०० | ४२४११३७.०० |
| | जम्मा बांकी | | ११४९७५३०.६२ |
| | संचित कोष मौजदात | ७५५९८५४.३० | |
| | पुजिगत खातामा मौज्दात | १४१९२.०२ | |
| | चालु खाता मौजदात | ३९२३४८४.३ | |
| | जम्मा | ४३६६७४८०.३० | ४३६६७४८०.३० |

Scanned with CamScanner

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **लेखापरीक्षणको क्रममा असुली:** लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी भएको, अग्रीम कर र बहाल कर कट्टा नभएको निम्नानुसारको रु.६,७१,२००।०० असुली भई सम्वन्धित खाता दाखिला भएको छ । यसैगरी आन्तरिक आयतर्फ नगदी रसिदबाट प्राप्त रकम दाखिला नगरको रु.४५,४२८।०० असुली भई पालिकाको सञ्चित कोषमा दाखिला भएको छ । | |

| बैङ्क भौ.नं./मिति | बापत | रकम |
|---|---|---|
| ०४९५३८३७/२०७६/५/१० | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | १२०००.०० |
| ०४९५०६४१/२०७६/५/१० | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | १०६००.०० |
| ०४९५१३१६/२०७६/५/१० | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | ६४८००.०० |
| ०४९५३६५८/२०७६/५/९ | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | २९०००.०० |
| ०४९५३८३१/२०७६/५/९ | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | ६१६००.०० |
| ०४९५३८३०/२०७६/५/९ | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | ३२२००.०० |
| ०४९५१०३८/२०७६/५/११ | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | २१४८००.०० |
| ०४२३६१८९/२०७६/५/१० | सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी बेरुजु दाखिला | ११४४००.०० |
| ६१६५३४२/२०७६/५/१२ | अग्रीम कर | ६९०००.०० |
| ६१६३८३७/२०७६/५/१२ | बहाल कर | २२५००.०० |
| ६१६३८३६/२०७६/५/१२ | अग्रीम कर | २५३००.०० |
| ६१६६६४९/२०७६/५/११ | अग्रीम कर | १५०००.०० |
| • जम्मा | | ६७१२००.०० |

| | | |
|---|---|---|
| १. | **वित्तीय विवरण:** नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार हुने गरी महालेखापरीक्षकबाट २०७५।८।१० स्थानीय तहको प्रतिवेदन फारामहरु स्वीकृत भएको छ । यो बर्षको वित्तीय विवरण सोही ढाँचामा तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्नेमा उक्त ढाँचमा वित्तीय विवरण तयार नगरेको कारण लेखा नीति र टिप्पणी एवं अन्य वित्तीय खुलासाको बारेमा जानकारी हुन सकेन । यसैगरी बैंक हिसाब मिलान विवरण तयार नगरेको, बजेट सिट नराखेको एवं दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एवं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय विवरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय विवरणको यथार्थतामा आश्वस्तता हुनसक्ने अवस्था देखिएन । | |
| २. | **सञ्चित कोष:** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउंपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शिर्षकगत विवरण तयार गरी सम्वन्धित निकायमा पठाउनु पर्ने व्यवस्था छ । पालिकामा स्थापना भएको स्थानीय सञ्चित कोषमा जम्मा भएको एवं उक्त कोषबाट खर्च खातामा रकम ट्रान्सफर भएको कारोवारको गोश्वरा भौचर उठाई बैंक नगदी कितावमा अभिलेखांकन गरी बर्ष सोको बेग्लै आय व्यय विवरण तयार गर्नुपर्नेमा सो वमोजिमको कुनै लेखा स्रेस्ता नराखेको कारण पालिकाको सञ्चित कोषमा जम्मा भएको एवं सो कोषबाट ट्रान्सफर भएको रकम सम्बन्धमा लेखापरीक्षणले कुनै सुनिश्चिता गर्न सक्ने अवस्था रहेको छैन । फलस्वरुप पालिकाको सञ्चित कोष कारोवार सम्बन्धमा लेखापरीक्षणले कुनै राय प्रदान गर्न एवं टिप्पणी गर्न व्यक्त गर्न सकेको छैन । सञ्चित कोषको स्पष्ट हिसाब राखी चौमासिक रुपमा आय | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | व्यय विवरण तयार गरी सम्बन्धित निकायमा समेत पठाउनु पर्दछ। | |
| ३. | **बैंक हिसाब मिलान:** पालिकाले लेखा रेस्ताबमोजिम बाँकी रकम र बैंक खातामा बाँकी रकमको सम्बन्धमा मासिक र वार्षिक रुपमा बैंक हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस्तो हिसाब तयार गर्ने गरेको छैन । बैंक हिसाब मिलान विवरणको अभावमा पालिकको खाता र बैंक खाता बमोजिमको हिसाब भिडे नभिडेको सम्बन्धमा जानकारी हुन सक्ने अवस्था देखिएन । | |
| ४. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ। ऐनमा भएको व्यवस्थाबमोजिम खर्चको अख्तियारी दिने गरेको पाइएन । कानूनी व्यवस्थाअनुसार अख्तियारी दिने व्यवस्था गर्नुपर्दछ। | |
| ५. | **बजेट पेश/पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ। आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रने पारित गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको २०७५।७६ को बजेट २०७५ असार १० गते पेश भई सोही दिन पारित भएको देखिन्छ। | |
| ५.१. | स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित) को ५.७.२ (ङ) मा सभाले स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम श्रावण १५ गते भित्र सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नुपर्ने र गाँउपालिकाको वेबसाइटमा समेत राख्नुपर्ने व्यवस्था छ। सभाले स्वीकृत गरेको बजेट तथा कार्यक्रम प्रकाशन नभएको र वेबसाइटमा समेत राखेको देखिएन । सर्वसाधारणको जानकारीको लागि स्वकित बजेट प्रकाशन गर्नुका साथै वेबसाइटमा राख्नुपर्दछ। | |
| ६. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगाबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा यस्तो नियन्त्रण प्रणाली तयार गरेको पाइएन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा परेको देखिन्छ । पालिकाको आन्तरिक नियन्त्रणमा रहेका कमी कमजोरी निम्नानुसार रहेका छन्:<br>• कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट नगरेको,<br>• परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको,<br>• अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको<br>• योजना कार्यान्वयन तालिका निर्माण गरेको पाइएन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको,<br>• अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको पाइएन,<br>• करको दायरा पहिचान भएको देखिएन,<br>• प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>• राजस्व सम्बन्धी कानून निर्माण गरेको छैन,<br>• अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन, | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | • प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको छैन<br>• वार्षिक खरिद योजना बनाएकोमा कार्यान्वयन भएको पाइएन,<br>• लागत अनुमान तयार गर्दा निर्माण गर्न लाग्ने अवधि नखुलाएको,<br>• भुक्तानी भएको बिल भरपाईमा भुक्तानी भएको छाप लगाएको पाइएन,<br>• भ्रमाण अभिलेख खाता नराखेको एवं प्रमण प्रतिवेदन लिने नगरको<br>• इन्धन खर्चको लगबुक राख्ने गरको देखिएन,<br>• आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकामा व्यहोराहरुमा सुधार गरेको पाइएन ।<br>उल्लेखित व्यहोराहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउनु पर्दछ । | |
| | | |
| ७. | **बजेट तथा कार्यक्रम तर्जुमा:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी बर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस गाऊँपालिकाले यो वर्ष करिब १६० कार्यक्रम स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । गाऊँपालिकाको बिकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलब्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलब्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| ८. | **लक्ष्य प्रगति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाऊँपालिकाले यो बर्ष करिब १६० साना ठूला कार्यक्रम सञ्चालन गरेकोमा यसरी सञ्चालित कार्यक्रमको नियममा उल्लेख भएअनुसार अनुसूची-२ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन । अभिलेखको अभावमा लेखापरीक्षणको सिलसिलमा स्वीकृत कार्यक्रम मध्ये सञ्चालन नभएको वा सम्झौता भई कार्य नभएको कारण सून्य प्रगति भएको, आंशिक रुपमा २५, ५० र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रमको बिवरण माग गरेकोमा उपलब्ध हुन सकेन । प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी वार्षिक समिक्षा गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ८.१. | सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिको वार्षिक प्रगति बिवरण तयार नगरेको कारण लक्ष्यवमोजिम कार्य भए नभएको विश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति विवरण पेश गर्नुपर्दछ । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेख:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ बमोजिम गाऊँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाऊँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुंदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि बढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाऊँपालिकाले थप पहल गर्न जरुरी छ । | |
| १०. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाको कुल खर्च रु.४२ करोड ५१ लाख ७४ हजार मध्ये ५१.६७ प्रतिशत अर्थात रु.२१ करोड ९६ लाख ८७ हजार तेस्रो चौमासिकमा र २९.७० प्रतिशत अर्थात रु.१२ करोड ६२ लाख ७७ हजार असार महिनामा खर्च भएको पाइन्छ ।<br>पालिकाले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिक र असार महिनामा अत्यधिक खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । तसर्थ स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ । | |
| ११. | **दरबन्दी र पदपूर्ति:** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाऊँपालिकामा २५ र वडा कार्यालयमा प्रति वडा २ जनाको दरले १६ समेत ४१ दरबन्दी स्वीकृत गरेकोमा पदपूर्तिको अवस्था निम्नानुसार रहेको पाइयो । | |
| ११.१. | कुल ४१ दरबन्दी मध्ये १८ पदपूर्ति भएको र पदपूर्ति मध्ये ३ जना गाऊँपालिकाले करारमा नियुक्ती गरेको देखिन्छ । | |
| ११.२. | कार्यालय सहायक र कार्यालय सहयोगीको पद स्वीकृत दरवन्दीमा नरहेकोमा गाऊँपालिकाले क्रमश: १ र ५ जना कर्मचारी करारमा नियुक्ती गरेको देखिन्छ । | |
| ११.३. | स्वास्थ्य, शिक्षा, कृषि र पशुतर्फ संयोजक र सह संयोजक समेत ५ जना कर्मचारी कार्यरत रहेकोमा ती पदहरु स्वीकृत दरबन्दी भित्र परेको देखिएन । यसैगरी आई टी अधिकृत १ समेत कार्यरत रहेको देखिन्छ । | |
| | स्वीकृत दरबन्दी बमोजिमको पदमा मात्र कर्मचारी नियुक्त गरी कार्य सञ्चालन गर्नु पर्दछ । | |
| १२. | **स्रोत नक्सांकन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाऊँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाऊँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १३. | **कर्मचारी कल्याण कोष:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्नेमा यस्तो कोषको स्थापना गरको पाइएन । कोषको अभावमा स्थानीय सेवाका कर्मचारी अवकास हुँदा उपदान लगायतका सुबिधा उपलब्ध गराउन रकमको अभाव हुने भएकोले यस्तो कोषको स्थापना गरी प्रत्येक बर्ष आबश्यक रकम जम्मा गर्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| १४. | **तलवी प्रतिबेदन:** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाऊँपालिकातर्फका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १५. | **विद्युतीय लेखा:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्नेमा उक्त सफ्टवेयर प्रयोगमा ल्याएको देखिएन । सफ्टवेयर प्रयोग नभएको कारण आम्दानी र खर्चको सही लेखांकन र प्रस्तुतीकरण सम्बन्धमा सुनिश्चित हुनसक्ने स्थिति देखिएन । तसर्थ अनिवार्य रुपमा उक्त सफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ । | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| १६. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| १७. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । गाऊँपालिकाले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ५ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति खर्च भएको भन्ने सम्बन्धमा यकिन गर्न सकिएन । नियममा भएको व्यबस्थाबमोजिम कन्टिन्जेन्सी खर्चको व्यबस्था गरी यस्तो खर्चलाई व्यवस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यविधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| १८. | **पदाधिकारी सुविधाः** कार्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ ले निर्धारण गरेको देखिन्छ । उक्त ऐनको दफा ३ मा पद तथा गोपनीयताको सपथ लिई पदभार ग्रहण गरेको मितिदेखि सुविधा लिन पाउने उल्लेख भएबमोजिम २०७४ जेष्ठ देखि २०७६ असार मसान्तसम्म मासिक सुविधा २६ महिना र चाडपर्व खर्च रु.१,०८,५०,०००।००, सञ्चार खर्च रु.२,४०,३००।०० र यातायात खर्च रु.४,३२,०००।०० र अध्यक्ष र उपाध्यक्षलाई इन्धन सुविधा वापत रु.२,००,०००।०० समेत यो बर्ष रु.१,१७,२२,३००।०० पदाधिकारी सुविधा खर्च लेखेको छ । उल्लिखित ऐन पारित नहुँदै गत बर्ष पालिकाको निर्णयबाट कुनै प्रकारको सुविधा लिए नलिएको सम्बन्धमा जानकारी हुन सकेन । साथै उक्त ऐनमा कार्यपालिका र वडा बैठकमा बैठक भत्ता लिन पाउने स्पष्ट व्यवस्था नभएतापनि पालिकाले बेग्लै कार्यविधि स्वीकृत गरी प्रति महिना ३ बैठकको बैठक भत्ता लिन मिल्ने व्यवस्था गरी बैठक भत्ता समेत भुक्तानी हुने गरेको छ । | |
| १९. | **न्यायिक समिति र मुद्दा फछ्र्यौटः** न्यायिक समितिको स्थापना, न्याय सम्पादन विधि र प्रकृयाको कार्यान्वयन, निवेदन दर्ता र फछ्र्यौटको अभिलेख, न्यायिक समितिको बार्षिक प्रतिवेदन समेतको आधारमा न्यायिक समितिको कार्यसम्पादनलाई व्यवस्थित बनाउनु पर्नेमा सो सम्बन्धी कुनै अभिलेख एवं प्रतिवेदन लेखापरीक्षणको समयमा प्राप्त हुन नसकेकोले समितिको कार्य सम्पादन र उजुरी दर्ता र फछ्र्यौटको सम्बन्धमा कुनै जानकारी हुन सकेन । न्यायिक समितिबाट भएको कार्यलाई व्यवस्थित गरी बार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| २०. | **घर नक्शा पासः** पालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने भवनको नक्शा पास गर्ने व्यबस्थाको सुरुवात गरको देखिएन । घर निर्माण कार्यलाई व्यवस्थित र सुरक्षित बनाउने भवन संहिता सहित नक्शा पासको व्यवस्था गर्नुपर्दछ । | |
| २१. | **फोहरमैला व्यवस्थापनः** पालिकाले आफ्नो क्षेत्र भित्र फोहरमैला व्यवस्थापनको सुरुवात गरको देखिएन । पालिकालाई फोहरमैला मुक्त बनाई स्वच्छ र सुन्दर बनाउन फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्नुपर्दछ । | |
| २२. | **सेवा प्रवाहः** पालिकाले संविधानले स्थानीय तहलाई सुम्पिएबमोजिमका कार्य उपलब्ध स्रोत साधनको आधारमा सम्पादन गरी सेवा प्रवाह गर्दै आएको छ । पन्जिकरण र सामाजिक सुरक्षा, न्यायिक समिति र उजुरी फछ्र्यौट, महिला तथा वालवालिका, खानेपानी तथा सरसफाई, वन तथा भूसंरक्षण, कृषि तथा पशु विकास, | |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | शिक्षा, युवा तथा खेलकुद एवं स्वास्थ्य सेवा सम्बन्धी बिभिन्न क्रियाकलापको माध्यमबाट सेवा प्रवाह गर्दै आएको छ । सेवा प्रवाह सम्बन्धमा जानकारी दिन नागरिक वडा पत्रको समेत व्यवस्था गरेको देखिन्छ । पालिकाले बर्षभरीमा सम्पादन गरेको कार्यको बार्षिक प्रतिवेदन तयार नगरको, सेवाग्राही सन्तुष्टी सर्भेक्षण नगरको एवं सेवा प्रवाह सम्बन्धी गुनासो तथा उजुरी व्यवस्थापन सम्बन्धी कार्य नभएको, न्यायिक समितिले गरेका कार्यको व्यवस्थित अभिलेख नभएको, घरनक्शा पास र फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको सुरुवात नभएको, विभिन्न क्षेत्रगत कार्यक्रम सञ्चालन गरकोमो सोको भौतिक प्रगति देखिने गरी बार्षिक प्रगति विवरण तयार गर्ने नगरेको एवं सञ्चालित विकास निर्माण कार्यको प्रगति समीक्षा गर्ने नगरेको लगायतको कारण पालिकाले प्रदान गरेको सेवा प्रवाहको वास्तविक अवस्था मुल्यांकन गर्नसक्ने अवस्था रहेको देखिएन । उल्लिखित अवस्थामा सुधार गरी सेवा प्रवाहलाई थप व्यवस्थित बनाउनु पर्दछ । | |
| २३. | **उपभोक्ता समिति दर्ता नभएको:** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संभौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| २४. | **उपभोक्ता समिति मार्फत कार्य:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । नियमावलीमा भएको व्यवस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छ: | |
| २४.१. | नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्भौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यवस्था भएबमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । | |
| २४.२. | नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । | |
| २४.३. | उपभोक्ता संगको खरिद सम्भौतामा सबै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईए । साथै काम भएको प्रमाणित गर्ने तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । | |
| २४.४. | नियमावलीको नियम ९७(९) बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भएकोमा उपभोक्ता समितिले गरेको सडक निर्माण कार्यमा हेभि मेसिनको प्रयोग भएको देखिन्छ । कानूनमा भएको व्यवस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने देखिन्छ । | |
| २४.५. | उपभोक्ता समितिबाट गरेको कार्यमा कुनै त्रुटी आई सच्याउन परेमा वा बढी | |

| | | |
|---|---|---|
| | भुक्तानी भई असुल गर्नुपर्ने अवस्थामा कार्यालयले आबश्यक सुधार गर्न लगाउने कुनै आधार नभएको कारण त्रुटी सच्याउने अवधिसम्मको लागि भुक्तानी रकममा धरौटी कट्टा गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने देखिन्छ । | |
| २४.६. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २४.७. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा एक करोड रुपैंयासम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख भएकोमा पालिकाले खरिद कार्य समेत उपभोक्ता समिति मार्फत गरको पाइयो । उदाहरणको लागि डिजिटल स्कुल कार्यक्रमको उपभोक्ता समिति मार्फत रु.११,८७,५००।०० मूल्यको डेक्सटप कम्प्युटर १० लगायतका आई टी सामग्री खरिद गरी एक विद्यालयलाई हस्तान्तरण गरको देखिन्छ । यस प्रकार खरिद कार्य उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५. | **डोर हाजिरः** तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिले डोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | |
| २६. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो । | |
| २७. | **बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छः | |
| २७.१. | वालमन्दीर माबिलाई दोस्रो चौमासिक निकासा गर्दा रु.१९७५२२१।६० माग भएकोमा रु.२००३०८६।६० निकासा गरेकोले मागभन्दा बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु. | २७,८६५/६० |
| २७.२. | मानसरवर मा.बि.लाई दोस्रो चौमासिक निकासा गर्दा रु.४९८२०६५।६० माग गरेकोमा शिक्षक श्री नरबहादुर वोहोराको रु ३०५००।०० र लक्ष्मी कुमारी कडेँलको रु ३०५००।०० गरी कुल जम्मा रु ६१०००।०० चाडपर्व खर्च रकम समावेश भई निकासा भएको देखिन्छ । प्रथम चौमासिकमा उक्त शिक्षकहरुको चाडपर्व खर्च निकासा भएकोले दोस्रो चौमासिकमा पुनः दोहोरो पर्ने गरी भुक्तानी गरेको चाडपर्व खर्च वापतको रकम असुल गर्नुपर्ने रु. | ६१,०००/- |



Scanned with CamScanner

२८. **सामाजिक सुरक्षा दोहोरो भुक्तानीः** सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा १८(ग) वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरी अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरेको देखिन्छ । परीक्षणको गर्दा देहायका एकै व्यक्तिहरुको नाममा सामाजिक सुरक्षा भत्ता दोहोरो भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको निम्नानुसारको रकम (वडा अनुसारको विस्तृत विवरण अनुसूची १ मा छ) असुल गनुपर्ने रु. ११,८५,०००/-

| वडा नं. | दोहोरो भुक्तानी भएको रकम | लेखापरीक्षण क्रममा असुली रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|
| १ | ७४४००.०० | १२०००.०० | ६२४००.०० |
| २ | १३२०००.०० | १०६००.०० | १२१४००.०० |
| ३ | १९०४००.०० | ६४८००.०० | १२५६००.०० |
| ४ | २९५२००.०० | २९०००.०० | २६६२००.०० |
| ५ | १७२०००.०० | ६१६००.०० | ११०४००.०० |
| ६ | ८८८००.०० | ३२२००.०० | ५६६००.०० |
| ७ | ५२४८००.०० | २१४८००.०० | ३१००००.०० |
| ८ | २४६८००.०० | ११४४००.०० | १३२४००.०० |
| **जम्मा** | **१७२४४००.००** | **५३९४००.००** | **११८५०००.००** |

२८.१. **एम.आई.एस अध्यावधिक सम्बन्धमा** :सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको आभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्बन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा एकल महिला, जेष्ठ नागरीक लाभ ग्राहीहरुको ना.प्र.न. र बालबालिकाहरुको बुवा आमाको नाम उल्ले नभएकोलाई सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । कार्यालयले व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस) प्रविष्टि गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्छ ।

२८.२. **सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा** : सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ । गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा समितिको रोहवरमा भत्ता रकम वितरण गरेको पाइएन । बैकिङ प्रणाली नगसकेका वडा कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वडा समितिको रोहवरमा सामाजिक सुरक्षा गर्नु पर्दछ ।

२८.३. **लगत कट्टा गर्ने सम्बन्धमा** : सामाजिक सुरक्षा कार्यक्रम चालन कार्यविधि, २०७५ को १२ मा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा कार्यविधिमा भएको व्यवस्था वमोजिम लगत कट्टा गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नु पर्छ ।



Scanned with CamScanner

२९. **जिन्सी व्यवस्थापन:** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँऊपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुर्‍याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ ।

२९.१. Muin International pvt.ltd को विजक नं.६१९ मिति २०७५।०६।१८ बाट पालिकाले रु.५ लाखमा ८ वटा C.C क्यामरा तथा tv खरिद गरेकोमा हालसम्म पनि उक्त ८ वटा C.C क्यामराको सदुपयोग भएको देखिएन खरिद गरिएका c.c क्यामरा स्टोर शाखामा नै भण्डार गरी राखेको देखियो । पालिकाले खरिद गरेको जिन्सी सामानको सहि सदुपयोग गर्ने तथा आवश्यक पर्ने सामान मात्र खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ । बजार क्षेत्रमा जडान गर्ने योजना रहेको व्यहोरा पालिकाले जनाएको छ ।

३०. **ढुवानी भाडामा कर कट्टी:** आयकर ऐन, २०५८ दफा ८८ अर्न्तगत ढुवानी भाडाको भुक्तानीमा २.५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले ढुवानी भाडा भुक्तानी वापत रु.४,०१,२६०।०० भुक्तानी गरेकोमा ढुवानी भाडामा अग्रीम कर कट्टी नगरेकोले कर असुल गरी दाखिला गर्नुपर्ने रु १२,५४८/५०

| सि.न. | गो.भौ.नं.,मिति | पार्टिको नाम | भुक्तानी रकम | कर |
|---|---|---|---|---|
| १ | ३२१,२०७६/३/३१ | जय असिम कागो सर्विस | ६५७६०.०० | १३४४.०० |
| २ | ७५,२०७५/८/११ | जय असिम कागो सर्विस | ११०५००.०० | २७६२.५० |
| ३ | | प्रतिक कार्गो सर्विस | २२५०००.०० | ५६२५.०० |
| ४ | ५२,२०७६/३/११ | आभास एयर कार्गो | ११२६८१.०० | २८१७.०० |
| | | | जम्मा | १२५४८.५ |

३१. **औषधि सोझै खरीद :** सार्बजनिक खरीद ऐन २०६३ को दफा ८ मा सार्वजनिक निकायले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको सामान खरिद गर्नु पर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नु पर्ने र योजना तयार गर्दा खरिदको प्रकार, खरिदको प्याकेज, खरिद कारबाहीको समय तालिका, खरिद विधि, खरिदको लागि गरिने सम्झौताको किसिम समावेश गर्नु पर्ने उल्लेख छ । गाँउपालिकाले खरिद ऐन अन्तर्गत खरिद योजना तयार गरेको छैन । जसबाट गाँउपालिकालाई के कति सामान आबश्यक पर्दछ एकिन गर्न सक्ने आधार भएन । साथै सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा प्रतिष्प्रर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने तथा सार्बजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा एकै पटक वा पटक-पटक गरी ५ लाख भन्दा बढी रकमको सामन एउटै ब्यक्ति फर्म वा कम्पनि वा सँस्थाबाट एक आर्थिक बर्षमा खरीद गर्न नहुने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा २० लाख सम्मको समान सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा बढिको मालसामान बोलपत्रको माध्यम बाट खरिद गर्नुपर्ने व्यबस्था छ । गाँउपालिकाले निम्नानुसारको कार्यालयका लागि औषधी खरिद गर्दा उक्त नियम पालना नगरी सिधै खरिद गरेको छ । बिना प्रतिस्पर्धा सोझै खरिद गरेको देखिँदा खरीद कार्य मितव्ययी एवं नियमित छ भन्न सक्नेआधार देखिएन । पालिकाले चौमासिक कार्यक्रमबमोजिम खरिद गरेको व्यहोरा जनाएको छ ।

| गो.भौ.नं./मिति | सपालयर्सको नाम | रकम रु |
|---|---|---|
| ३/२०७६.१.२९ | रारा मेडिसिन एण्ड सर्जिकल डिष्ट्रिब्युटर्स प्रा.ली बिरेन्द्र नगर | ४५१२२७.५० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ११/२०७६.०३.२० | कृष्णा इन्टरनेशनल, बागेश्वरी टोल | २२५४७६.९५ | |
| | कमला मेडिसिन डिष्ट्रब्युटर, सुर्खेत रोड, नेपालगंज | ४७२१०५.०० | |
| १७/२०७६-३-१४ | कमला इन्टरनेसनल | ९८६८५.०० | |
| ५२/२०७५-६-१८ | कमला इन्टरनेसनल | १९७०००.०० | |
| ५३/२०७५-६-१८ | के.एम.डी फार्मेसी | २४६१५.०० | |
| ५४/२०७५-६-१८ | कृष्णा इन्टरनेशनल, बागेश्वरी टोल | ४९२५००.०० | |
| १९/२०७५-६-१७ | कमला इन्टरनेसनल | २९५४९७.०० | |
| २०/२०७५-६-१७ | के.एम.डी फार्मेसी | ४६७८७४.०० | |
| | जम्मा | २७२४९८०.४५ | |

३२. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्यौट गर्नुपर्नेमा देहायबमोजिमको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्यौट गर्नुपर्ने रु. ६,८७,३००/-

| क्र.सं. | कार्यक्रम | पेश्कीको प्रकार | पेश्की पाउनेको पद र नाम | पेश्की रकम |
|---|---|---|---|---|
| १. | पुजिगत | खेलाडीलाई ड्रेस खरिद गर्न | खेलकुल विकास संघको अध्यक्ष श्री विनोद बोहरा | २७१८००.०० |
| २. | चालु | तलब | अहेब श्री नन्द रावत | २२००००.०० |
| ३. | चालु | राहत वितरण | कास श्री धनराशी रोकाय | १९५५००.०० |
| | जम्मा | | | ६८७३००.०० |

३३. **आन्तरिक आय:** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६ अनुसार खर्च/आम्दानी पुष्टि हुने गरी प्रमाण राख्नुपर्ने व्यबस्थाबमोजिम गाऊँपालिकाले आन्तरिक स्रोतबाट प्राप्त आयको तोकिएको मलेपफानं.को ढाँचामा लेखा राख्नु पर्ने हुन्छ । प्राप्त आय व्यय विवरण अनुसार पालिकाको यो बर्षको आन्तरिक स्रोतबाट रु.५९,८१,६१२।०० (मालपोत कार्यालयबाट राजश्व बाँडफाडबाट प्राप्त रु.११,७३,७८५।०० समेत) आम्दानी गरेको देखाएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

३३.१. पालिकाले बर्षभरीमा छापेको र राजश्व असुलीको लागि सम्बन्धित कर्मचारीलाई वितरण गरेको रसिदको अवस्था स्पष्ट देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । पालिकाले २०७५।७६ मा नगदी रसिद बुझाएको अभिलेख अनुसार ६४ प्याड रसिद सम्बन्धित कर्मचारीलाई बुझाएको देखिन्छ । पालिकाले लेखापरीक्षणको लागि उपलब्ध गराएको नगदी रसिदको अधकट्टी अनुसार यो बर्ष ७६ प्याड प्रयोग भएको देखिन्छ । लेखापरीक्षणको क्रममा रसिदको यकिन गर्न मौखिक निर्देशन दिएबमोजिम पालिकाले छानविन समिति बनाई वडा कार्यालयहरुले ५१ र पालिकाले २६ समेत कुल ७७ प्याड रसिद प्रयोग भएको र वडाले प्रयोग गरेको ५१ प्याड रसिद मध्ये २३ प्याड वडा कार्यालयहरुले आ आफ्नै प्रकारबाट छपाई गरी प्रयोगमा ल्याएको व्यहोरा लेखापरीक्षणमा जानकारी गराएको छ । यस प्रकार पालिका र वडाहरुले आ आफैले नगदी रसिद छपाई गरी प्रयोग गरेको एवं भरपाई गरी बुझाएकोभन्दा बढी प्याड प्रयोग गरेको देखिएकोले पालिका र वडाहरुमा बर्षभरीमा कति प्याड नगदी रसिद प्रयोग भयो र सो बमोजिमको सम्पूर्ण रकम दाखिला भयो भएन लेखापरीक्षणको क्रममा सुनिश्चित गर्नसक्ने स्थिति देखिएन । यस सम्बन्धमा पालिकाले थप छानविन गरी यस प्रकारको स्थितिमा सुधार गर्नु पर्दछ ।

३३.२. पालिका र वडाहरुले आ–आफ्नै प्रकारबाट नगदी रसिद छपाई गरेको कारण एकै नम्बरका एकभन्दा बढी प्याड प्रयोग भएको देखिन्छ । उदाहरणको लागि ७०१ देखि ७५० सम्मको नगदी रसिद ६ प्याड प्रयोग गरेको देखिन्छ । यसरी एकै नम्बरका एकभन्दा बढी प्याडको प्रयोगबाट नगदी रसिद प्रयोगमा नियन्त्रण हुन नसक्ने देखिएकोले यसमा सुधार गर्नुपर्दछ ।



Scanned with CamScanner

| | | |
|---|---|---|
| ३३.३. | आन्तरिक आय असुलीको दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको, आम्दानी असुली एवं दाखिला म.ले.प.फा.नं २३ नराखेको, राजश्वको गोश्वरा भौचर नउठाएका, बैंक भौचरको आधारमा मात्र आय व्यय विवरणमा आम्दानी समावेश गरेको, बैंक जम्मा गरेको भौचरमा कुन कुन नगदी रसिदबाट प्राप्त आम्दानी दाखिला गरेको भन्ने उल्लेख नभएको लगायतको कारण आन्तरिक स्रोतबाट नगदी रसिद काटी प्राप्त गरेको आय समयमै सबै रकम बैंक दाखिला भएको छ भन्न सक्ने अवस्था नरहेकोले लेखापरीक्षणले आम्दानी र बैंक दाखिला सम्बन्धमा कुनै राय वा टिप्पणी गर्न सक्ने अवस्था देखिएन । | |
| ३३.४. | लेखापरीक्षणको समयमा आन्तरिक स्रोतको आय र बैंक दाखिला सम्बन्धमा यकिन गर्न निर्देशन दिएअनुसार पालिकाले छानबिन टोली गठन गरी देहायका कर्मचारीहरुले नगदी रसिदबाट प्राप्त रकम मध्ये रु.१,४४,४७८।०० दाखिला गर्न बाँकी रहेको र सो मध्ये रु.४५,४२८।०० लेखापरीक्षणको समयमा बैंक दाखिला भएको प्रमाण प्राप्त भएकोले नपुग निम्नानुसारको रकम असुल गर्नुपर्ने देखिएको रु. | ९९,०५०/- |

| पद नाम | असुल गर्नुपर्ने रकम | दाखिला मिति | दाखिला रकम | दाखिला गर्न बाँकी रकम |
|---|---|---|---|---|
| शा.अ.उजिर रोकाय | २०१५०,०० | | | २०१५०,०० |
| ना.सु.ममता महत | ४७१३०,०० | २०७६/५/१३ | ३५८०५,०० | ११३१५,०० |
| का.स.धनराशी रोकाय | १४४९७,०० | | | १४४९७,०० |
| का.स.शंकर रावत | ६१९५,०० | २०७६/५/१२ | ६१९५,०० | ०,०० |
| ना.प्र.सा.विष्णु बुमी | ५५९५,०० | | | ५५९५,०० |
| प.स.तिर्थ राज बोहरा | २०७५,०० | | | २०७५,०० |
| प्र.स.लोकेन्द्र रावत | ३१५८०,०० | | | ३१५८०,०० |
| ग्याल्जन लामा | १३८३८,०० | | | १३८३८,०० |
| मेरसिं बुढा | ३४२८,०० | २०७६/५/१५ | ३४२८,०० | ०,०० |
| **जम्मा** | **१४४४७८,००** | | **४५४२८,००** | **९९०५०,००** |

| | | |
|---|---|---|
| | उल्लिखित अवस्थाले आन्तरिक स्रोतबाट प्राप्त आम्दानी र बैंक दाखिला सम्बन्धमा तोकिएको ढाँचामा लेखा लेखापरीक्षणले सुनिश्चित गर्नसक्ने अवस्था नदेखिएकोले तोकिएको ढाँचामा लेखा सेस्ता राखी आम्दानी र दाखिलाको स्पष्ट अभिलेख राख्नेतर्फ पालिकोको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३४. | **सर्भे तथा अध्ययनः** निर्माण कार्यको सर्भे तथा अध्ययन कार्य गराउँदा निश्चित आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा कार्य गराउनु पर्दछ । गाउँपालिकाले यो बर्ष देहायबमोजिम सर्भे तथा अध्ययन गराउन थप बजेट समेत रु.७७ लाख ९० हजार विनियोजन गरी विनियोजित रकम सम्पूर्ण खर्च गरेको देखिन्छ । | |

| सर्भे तथा अध्ययन कार्य | खर्च रकम |
|---|---|
| रलिङ्ग पर्यटन रोड सर्भे | ९००००,०० |
| बरगाँउ ठेहे दोभाम मोटर बाटो सर्भे | ७५००००,०० |
| रिङ्ग रोड सर्भे | ७५००००,०० |
| रलिङ्ग गुम्बा स्मार्ट मास्टर प्लान | ५०००००,०० |
| डाँडा धारापोरी नाम्खा मोटर बाटो सर्भे | ५०००००,०० |
| सिमकोट बजारको गुरु योजना | १००००००,०० |
| लडे दह दुधे दह पर्यटन मार्ग संभाव्यता अध्ययन | ३५००००,०० |
| गाँउपालिका प्रोफाईल निर्माण | ५०००००,०० |
| खेल मैदान डिपिआर | १६८०६४०,०० |
| रामपालमाडु डिपिआर | ३६००००,०० |



Scanned with CamScanner

| | |
|---|---|
| सिमकोट गाँउपालिकाको समग्र पर्यटन सम्बन्धी वृत्तचित्र निर्माण | ५०००००.०० |
| जम्मा | ७७९०६४०.०० |

यस सम्बन्धमा निम्नानुसार देखिएको छः

३४.१. यसरी सर्भे तथा अध्ययन कार्य गराउँदा निश्चित आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक रुपमा नगराएको कारण उक्त खर्च मितव्ययी भएको मान्न सक्ने देखिएन । तसर्थ मितव्ययी रुपमा सर्भे तथा अध्ययन कार्य गराई प्राप्त प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ ।

३४.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ को उपनियम ४ सँग सम्बन्धित अनुसूची १क अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्न नमिल्नेमा उल्लेख भएबमोजिम ओभरहेड समावेश गरी लागत अनुमान तयार गरेको कारण सर्भेक्षण कार्यको लागत बढ्न गएको देखिन्छ । भुक्तानी दिएको निम्नानुसारको रकम असुल गर्नुपर्ने रु.

३५. **कर कट्टी तथा दाखिला:** आयकर ऐन २०५८ को दफा ८८ (१) बमोजिम बासिन्दा व्यक्तिले नेपालमा श्रोत भएको व्याज प्राकृतिक श्रोत, भाडा, कमिसन, घरभाडा, ढुवानी भाडा आदिमा श्रोतमा नै कर कट्टी गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउपालीकाले यस्ता भुक्तानी गर्दा केहीमा कर कट्टी गरेपनि पुरै भुक्तानी भएको, केहीमा कम भुक्तानी कट्टा गरेको निम्नानुसारका रकमहरु सम्बन्धीतबाट असुल गरी दाखिला गर्ने रु. ३६,६२९/-

| गो.भौ.नं. र मिति | विवरण | दाखिला हुनुपर्ने रकम |
|---|---|---|
| ०७,२०७५/०६/०७ | कृषि मेला प्रदशनीको मुल्यांकन भत्ताको कर कट्टी | १३५०.०० |
| २१,२०७५/०६/१८ | एस.वि निर्माण सेवालाई भुक्तानी गर्दाको कर कट्टी | ६३०५.००. |
| २७,२०७५/०८/१० | स्वास्थ्य शाखा प्रमुखले औषधी खरिद गर्दाको ढुवानी कर | ५०१०.०० |
| ४५,२०७५/०८/१४ | मालपोत कार्यालयको प्रखाल निर्माणको भुक्तनी गर्दा | ४८३०.०० |
| ४६,२०७५/०८/२० | लोकतान्त्रिक चोक निर्माण कार्यको भुक्तानी | ५१९६.०० |
| ४७,२०७५/०८/२० | रलिंग फर्निचर उद्योगलाई भुक्तानी गर्दा | ४८४८.०० |
| ५०,२०७५/०८/२६ | सिमकोट डम्पिंग साइटले ढुवानी गरेवापतको ढुवानी कर | २७५४.०० |
| ६३,२०७५/०९/०३ | सुर्य कन्स्र्टक्सन लाई भुक्तानी गर्दा | ६३३६.०० |
| | जम्मा | ३६६२९ |

३६. **प्रमाण नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ८७ मिति २०७५।१०।०६ मा पा.स. बल बहादुर फडेराको पेश्की फछ्यौंट गर्दा हाते ट्याक्टर उन्नत जातको गहुँ खरिद गर्दा सर्खेतको उत्तरगंगा देखि एअरपोर्ट सम्मको ढुवानी गर्दा महेश खड्कालाई रु ३९६००।०० भुक्तानी दिएकोमा सोको भर्पाइ राखेको देखिएन । निजलाई उक्त रकम दिएको भर्पाइ पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३९,६००/-

३७. **सोझै खरीद :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा प्रतिष्प्रर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने तथा सार्बजनिक खरीद नियमावली २०६४ को नियम ८५ मा एकै पटक वा पटक-पटक गरी ५ लाख भन्दा बढी रकमको सामन एउटै ब्यक्ति फर्म वा कम्पनि वा सँस्थाबाट एक आर्थिक बर्षमा खरीद गर्न नहुने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा २० लाख सम्मको समान सिलबन्दी दरभाउपत्रबाट र नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा वढिको मालसामान वोलपत्रको माध्यम वाट खरिद गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले निम्नानुसारको खरिद गर्दा उक्त नियम पालना नगरी सिधै खरिद गरेको छ । बिना प्रतिस्पर्धा सोझै खरिद गरेको देखिँदा खरीद कार्य मितव्ययी एवं



Scanned with CamScanner

नियमित छ भन्न सक्नेआधार नभएको रु. ६८,००,०००/-

| गो.भौ.नं. र मिति | विवरण | रकम |
| --- | --- | --- |
| ९१,२०७५/१०/०३ | एच.डि.पि. पाइप तथा ग्याबिन तार खरिद | १२०००००.०० |
| ८९,२०७५/०८/१३ | मेशिनरी औजार खरिद | १००००००.०० |
| ९२,२०७५/१०/०६ | टेक्नीकल सामान खरिद गरेको | १००००००.०० |
| ९४,९५, २०७५/१०/०९ | थ्रेसर मेशिन खरिद | २०७००००.०० |
| १५०,२०७५/१२/१० | पशु सेवा अर्न्तगत औषधी खरिद | १५३००००.०० |
| | जम्मा | ६८०००००.०० |

३८. **पेश्की फछ्यौटः** दलित विद्यार्थीहरुलाई अतिरिक्त कक्षा सञ्चालन गर्दा २३ जना दलित विद्यार्थीहरु सहभागि भएको र प्रति विद्यार्थी १०००।०० को दरले प्रशिक्षकलाई भत्ता दिनुपर्ने कार्यक्रमको मापदण्ड रहेको छ। गो.भौ.न. १७०, मिति २०७६।०१।३० बाट ५१ जना विद्यार्थीलाई प्रशिक्षकले पढाएको भनी प्रति विद्यार्थी १०००।०० को दरले २ महिनाको रु १२६०००।०० भुक्तानी गरेको देखियो। २३ जना विद्यार्थीको २ महिनाको प्रति विधार्थि रु १०००।०० को दरले रु ४६०००।०० भुक्तानी गर्नुपर्नेमा बढी भुक्तनी रु ८००००।०० असुल गर्नुपर्ने रु ८०,०००/-

३९. **भ्याट बढी भुक्तानीः** सुचना प्रविधि अधिकृत छिरिङ याङ डुमको पेश्की फछ्यौट गर्दाको व्यहोराः
मेशिनरी सामान रु १००००००।०० को खरिद गर्दा Digital Kathmandu concern को २०१८।०९।२५ को कोटेशनमा Dell core I3 7th लाई VAT सहित प्रति ल्यापटप रु ६७०००।०० दिने गरी कोटेशनको पत्र पठाएको देखिन्छ। कार्यालयले समेत सवैभन्दा कम मुल्यको भनी सोही कोटेशनलाई स्वीकृत गरी सोही कम्पनीवाट ल्यापटप थान ७ खरिद गरेको देखिन्छ। गो.भांनं.८९,मिति २०७५।०८।१३ मा भुक्तनी गर्दा Vat सहित रु ६७०००।०० को दरले ७ थान ल्यापटपको रु ४६९०००।०० भुक्तानी गर्नुपर्नेमा पुनः १३ प्रतिशत Vat थप गरी रु प्रति ल्यापटप रु ७५७१०।०० को दरले रु ५२९९७०।०० भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको Vat रकम असुल गर्नुपर्ने रु ६०,९७०/-

४०. **अनुगमन मूल्यांकनः** गाउँपालिकाले अनुगमन तथा मूल्यांकनको सुचक बनाई सो बमोजिम अनुगमन तथा मूल्यांकन गरी सोको प्रतिवेदन प्राप्त गर्नुपर्ने एवं प्रतिवेदनको आधारमा देखिएका कमी कमजोरी सुधार गर्दै जानुपर्नेमा सुचक नबनाई खर्च गरेको देखिन्छ। साथै यस्तो खर्च पूँजिगत निर्माणबाट कट्टा गरेको ५ प्रतिशत कन्टिन्जेन्सी रकमबाट गर्नुपर्नेमा चालु बजेटमा रु.४० लाख विनियोजन गरी सबै खर्च गरेको देखिन्छ। कन्टिन्जेन्सीतर्फको बेग्लै स्रेस्ता नराखेको कारण सोबाट अनुगमन तथा मूल्यांकनमा भएको खर्च यकिन गर्न सकिएन। अनुगमन मूल्यांकन बापतको रकम भुक्तानी गर्दा भ्रमण प्रतिवेदन लिने गरेको समेत देखिएन। यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

४१. ५-२०७५।६।७ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ (३) मा सरकारी रकम खर्च गर्दा वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ। बैठक भत्ता वितरण गर्न का लागि ना.सु . ममता महत को रु १८३०००। पेस्की फछ्यौट गर्दा रु २०९२५। को वील भरपाई पेश नभएकोले उक्त रकम असुल फछ्यौट गर्नु पर्ने देखिएको रु २०,९२५/-

